श्री सचिव,

वन तथा वातावरण मन्त्रालय ।

वन पैदावार आपूर्ति समिति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको नं.१०/०३-२०७९ मिति २०७९।०४।२९ को प्रस्ताव लु.प्र.मं.प.बै.सं. ०९/२०७९, मिति २०७९।०४।३१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७९।०४।३१

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

(डा. दिपक काफ्ले)
प्रमुख सचिव

प्रमुख सचिव

श्री कानुन शाखा
प्र.का.
२०७९/०४/०५

दर्ता नं. ३३७
दर्ता मिति २०७९/०४/०५

# वन पैदावार आपूर्ति समिति संचालन सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना: प्रदेश वन नियमावली, २०७९ को नियम ६३ को उपनियम (३) मा उल्लेखित प्रयोजनका लागि आवश्यक पर्ने काठ दाउरा वन पैदावार आपूर्ति समिति मार्फत उपलव्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, सरल एवम् छिटोछरितो तुल्याउने उद्देश्यले प्रदेश वन ऐन, २०७८ को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहाय बमोजिमको कार्यविधि बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "वन पैदावार आपूर्ति समिति संचालन कार्यविधी, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "ऐन" भन्नाले प्रदेश वन ऐन, २०७८ सम्झनु पर्दछ ।

(ख) "घाटगद्दी" भन्नाले काठ दाउरा बिक्री-बितरण वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न डिभिजनल वन अधिकृतले तोकिदिएको ठाउँलाई सम्झनु पर्दछ ।

(ग) "छिमेकी डिभिजन वन कार्यालय" भन्नाले एकै जिल्लामा दुई वटा डिभिजन वन कार्यालय भएको हकमा सोही जिल्लाको समिति भएको डिभिजन वन कार्यालय र अन्यको हकमा सिमा जोडिएको सबैभन्दा नजिकको डिभिजन वन कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "डिपो" भन्नाले वन पैदावार (गोलिया काठ, चिरान काठ, दाउरा) तथा यसका सह-उत्पादन बिक्री-वितरण गर्ने उद्देश्यले संकलन गरी राखेका स्थान सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले लुम्बिनी प्रदेशको वन निर्देशनालयलाई सम्झनु पर्दछ ।

(च) "नियमावली" भन्नाले प्रदेश वन नियमावली, २०७९ सम्झनु पर्दछ ।

(छ) "प्लट" भन्नाले डिभिजन वन कार्यालयले समितिलाई चाहिने काठ दाउरा उपलव्ध गराउन छपान, मूल्याङ्कन गरी चार किल्ला तोकी वन पैदावार (काठ दाउरा) संकलन गर्न छुट्याएको वन क्षेत्रलाई सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्दछ ।

(झ) "वन कार्ययोजना" भन्नाले प्रदेश वन नियमावली, २०७९ को नियम ६३ उपनियम (५) बमोजिमको कार्ययोजना सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले प्रदेश वन नियमावली, २०७९ को नियम ६२ बमोजिम गठित वन पैदावार आपूर्ति समिति सम्झनु पर्दछ ।

(ट) "समितिको छाप" भन्नाले अनुसूची - ५ बमोजिमको वन पैदावार आपूर्ति समितिको छाप सम्झनु पर्दछ ।

३. समितिको काम कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको वार्षिक कार्ययोजना तयारी तथा अनुमोदन गरी स्वीकृतीको लागि सिफारिस गर्ने ।

(ख) काठ दाउराको मागको अभिलेख राख्ने ।

(ग) डिभिजन वन कार्यालयबाट उपलव्ध गराइएका प्लटहरूबाट समिति आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्कापट्टाबाट काठ दाउरा संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने गराउने ।

(घ) काठ दाउराको मूल्य निर्धारण र विक्री-वितरण गर्ने ।

(ङ) समितिबाट बिभिन्न प्रयोजनको लागि बिक्रीबितरण भएको काठ दाउरा उक्त प्रयोजनमा उपयोग गरे नगरेको अनुगमन गर्ने गराउने ।

(च) समितिको कार्यमा संलग्न जनशक्तिको लागि सुविधा तोक्ने ।

(छ) डिपो सञ्चालनको प्रक्रिया निर्धारण गर्ने ।

४. <u>वार्षिक कार्ययोजना तयारी तथा वजेट तर्जुमा:</u> (१) समितिले प्रत्येक आर्थिक वर्षमा काठ दाउरा संकलन तथा बिक्री-वितरणको परिमाण यकीन गरी सो सन्दर्भमा गरिने अन्य कार्यक्रमहरूको विवरण तथा प्रस्तावित बजेट समेतको कार्ययोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्य गर्नु पर्नेछ ।

(२) बजेट तर्जुमा गर्दा समितिमा खटिएको करार सेवाका कर्मचारीका लागि पारिश्रमिक र सम्बन्धित आपूर्ति समितिका पदाधिकारीलाई नियमानुसार बैठक भत्ता लगायत प्रशासनिक खर्चका लागि औचित्यताको आधारमा गत आर्थिक वर्षको कूल आयको बढीमा पच्चिस प्रतिशतसम्म रकम छुट्ट्याउन सकिनेछ ।

(३) नयाँ समिति गठन गर्नु पर्ने डिभिजन वन कार्यालयको हकमा योगदान र आवश्यकताका आधारमा तीन लाख देखि पाँच लाख रुपैयाँ सम्म सञ्चालन खर्च छिमेकी डिभिजन वन कार्यालयबाट उपलव्ध गराउनु पर्ने छ र जिल्ला भित्र भएका समितिको हकमा यस्तो रकम सम्वन्धित डिभिजनलाई सोध भर्ना दिनु पर्ने छ।

(४) समितिले वन पैदावार सम्वन्धी कार्य संचालन गर्नको लागि आवश्यक पर्ने जग्गा, सवारी साधन खरिद र भवन निर्माण एबम् अन्य अत्यावश्यक कार्यका लागि कार्ययोजनामा समावेश गरि निर्देशनालयको सिफारिसमा मन्त्रालयबाट पूर्व स्वीकृती लिई प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमती लिई खर्च गर्न सक्नेछ ।

५. <u>कटान मुछान प्रक्रिया</u> : कटान मुछान प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) डिभिजन वन कार्यालयबाट समितिलाई प्लट प्राप्त भएपछि समितिले प्रचलित कानुन बमोजिम ठेक्कापट्टाद्वारा प्रतिस्पर्धा गराई कटान मुछानको कार्य गर्नु गराउनु पर्नेछ ।

(ख) छपान, कटान, मुछान, लोड, अनलोड, ढुवानी, चाङ लगाउने कार्यका लागि प्रचलित नर्मस् अनुसार लागत अनुमान तयार गरि गर्नु पर्ने छ ।

(ग) प्लटबाट काठ दाउरा कटान मुछानको कार्य ठेक्कापट्टाबाट हुन नसक्ने अवस्थामा समितिको निर्णयबाट अमानतबाट समेत गराउन सकिनेछ । अमानतबाट कार्य गराउँदा स्वीकृत लागत अनुमानको अधिनमा रही गर्नु पर्नेछ ।

(घ) रुख कटान गरी सेक्सन दिंदा अधिकतम काठ उत्पादन हुने गरी गर्नु पर्नेछ ।

(ङ) काठ कटान गरी सकेपछि त्यसबाट निस्कने दाउरा पनि नियमानुसार टुक्रा पारी चट्टा लगाई राख्नु परनेछ ।

(च) कटान क्षेत्रमा काठ दाउरा कटान गर्दा समितिले प्राविधिक कर्मचारी खटाउनु पर्नेछ र उत्पादन भएको काठ दाउरा कटान रजिष्टर खडा गरि अभिलेख राख्नु पर्नेछ ।

६. <u>ढुवानी सम्बन्धी प्रक्रिया</u> : ढुवानी सम्बन्धी प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कटान क्षेत्रबाट घाटगद्दीसम्म ढुवानी गर्दा चलानी पूर्जी काटी गोलिया काठमा अनुसूची-१ वमोजिमको समितिको पासिङ्ग टाँचा लगाई ढुवानी गर्नु पर्नेछ ।

(ख) काठ दाउराको ढुवानी गर्दा तोकिएको बाटोमात्र प्रयोग गर्नु पर्नेछ ।

(ग) प्लटबाट घाटगद्दीसम्म काठ दाउरा ढुवानी गर्दा सकभर अन्य रुखविरुवालाई क्षति नपर्ने गरी गर्नु पर्नेछ ।

७. <u>घाटगद्दी सम्बन्धी व्यवस्था</u> : (१) समितिले कटान क्षेत्रबाट उपलव्ध हुने काठ दाउरा डिभिजन वन कार्यालयले तोकेको उपयुक्त स्थानमा घाटगद्दी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) घाटगद्दीमा गोलिया काठ जात अनुसार पाईलिङ्ग गरि काठ दाउराको नाप साइज यकिन गरी आम्दानी बाँध्नु पर्नेछ । दाउराको हकमा २० फिट लम्बाई, ५ फिट उचाई र ५ फिट चौडाईको चट्टा बनाई इनामेलले नम्बरीङ्ग गरी राख्नुपर्नेछ।

(३) घाटगद्दीमा रहेका काठ दाउराको विवरण रजिष्टर खडा गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

८. <u>चिरान उत्पादन</u> :(१) समितिले सर्वसाधारण जनताको मागलाई मध्यनजर राखी चिरान काठ उत्पादन गरी विक्री-वितरण गर्न सक्नेछ ।

(२) कुन गोलियाबाट के कति परिमाणको चिरान काठ उत्पादन भयो सो को अभिलेख तयार गरी राख्नु पर्नेछ । समितिले चिरान काठ उत्पादनका लागि पायक पर्ने स-मिलमा वा डिपोमा नै चिरान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) चिरानबाट उत्पादित काठलाई त्यसको नाप, साइज र जात अनुसार पाइलिङ गरी राख्नु पर्नेछ ।

९. <u>काठ दाउराको प्राप्ति तथा व्यवस्थापन</u>: (१) नियमावलीको नियम ६३ को उपनियम (१) बमोजिम प्राप्त हुने काठ दाउरा दफा ७ बमोजिम घाटगद्दी तथा पाईलिङ्ग गरी घाटगद्दीमा रहेका काठ दाउराको विवरण रजिष्टर खडा गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने काठ दाउराको घाटगद्दी र सुरक्षाको लागि सम्बन्धित वन व्यवस्थापन गर्ने समुहलाई काठ दाउरा विक्रिवितरण नहुन्जेलसम्मलाई जिम्मा दिन सकिनेछ ।

१०. <u>काठ दाउराको आपूर्ति व्यवस्था</u> : (१) समितिले अनुसूची – २ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएपछि नियमावलीको नियम ६३ को उपनियम (३) मा उल्लेखित प्रयोजनको लागि नियमावलीको अनुसूची - ३५ को परिमाणमा नबढ्ने गरि काठ दाउरा उपलव्ध गराउन सक्नेछ।

(२) जुन प्रयोजनको लागि काठ दाउरा प्राप्त गरिएको हो सोही कार्यमा प्रयोग गर्नुपर्नेछ।

(३) काठ दाउराको बिक्री मूल्य नियमावलीको अनुसूची-११ बमोजिमको मुल्यमा कटानमुछान तथा ढुवानी खर्च र समितिको मुनाफा समेत जोडी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले गर्ने काठ दाउराको बिक्री-वितरण कार्य समितिको डिपो मार्फत गर्नेछ ।

(५) समितिले बिक्री-वितरण गर्ने गोलिया काठ वा चिरानमा अनुसूची– ३ बमोजिमको टाँचा लगाउनेछ ।

(६) समितिबाट बिक्री गरिएको गोलिया काठ वा चिरानको अनुसूची - ४ बमोजिमको छोडपूर्जी दिनु पर्नेछ ।

११. <u>वन पैदावार उठाई लैजाने म्यादः</u> (१) समितिले उपभोक्तालाई बढीमा १५ दिनको म्याद दिई डिपोबाट काठ दाउरा उठाई लैजाने म्याद दिनेछ । तोकिएको म्याद भित्र उठाई लान नसकेमा मनासिब कारणसहित म्याद भुक्तानी भएको मितिले सात दिन भित्र समिति समक्ष म्याद थपको लागि निवेदन दिएमा र कारण मनासिब लागेमा समितिले बढीमा एक पटकको लागि सात दिनको म्याद थप गर्न सक्नेछ ।

(२) समितिबाट बिक्री भएको काठमा अनुसूची– ३ बमोजिमको विक्रि टाँचा प्रयोग गरी छोडपूर्जी समेत भई सकेपछि उक्त वन पैदावारको सुरक्षाको जिम्मेवारी सम्बन्धित उपभोक्ताको नै हुनेछ । कुनै कारणले नासिएमा वा हराएमा समिति जवाफदेही हुने छैन ।

१२. <u>विक्री हुन नसकी बाँकी रहेको काठको व्यवस्थाः</u> समितिलाई प्राप्त काठ दाउरा एक वर्षसम्म पनि विक्री हुन नसकेमा समितिले उक्त काठ दाउरा लिलाम विक्री गर्न सक्नेछ ।

१३. <u>विक्री वितरणको लगत राख्ने</u> : समितिले विभिन्न डिपोबाट विक्री वितरण भएको काठ दाउराको आम्दानी खर्चको लगत मासिक रुपमा तयार गरी सम्वन्धित डिभिजन वन कार्यालय र निर्देशनालयमा पठाउनु पर्नेछ ।

१४. <u>समितिको कोषः</u> (१) समितिको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट निकासा रकम ।

(ख) वन पैदावार बिक्रीबाट प्राप्त रकम ।

(ग) टेण्डर फाराम बिक्रीबाट प्राप्त रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) काठ दाउरा कटान मुछान, संकलन, घाटगद्दी तथा विक्री-वितरण जस्ता स्वीकृत कार्यक्रमहरूमा खर्च गर्न डिभिजन वन कार्यालयबाट रकम माग भएमा समितिको वैठकबाट निर्णय गरी मन्त्रालयको निर्णयानुसार कोषको रकम सापटी दिन सकिनेछ। समयमा काठ दाउरा विक्रि-वितरण गरी उक्त रकम सोधभर्ना गर्ने जिम्मेवारी सम्बन्धित डिभिजन वन कार्यालयको हुनेछ ।

१५. <u>खाता सञ्चालन र लेखा राख्नेः</u> (१) समितिको आफ्नो छुट्टै खाता हुनेछ । यस्तो खाता समितिको अध्यक्ष र डिभिजन वन कार्यालयबाट खटिएका लेखाका कर्मचारीको संयुक्त दस्तखतबाट सन्चालन हुनेछ । समितिले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल सरकारको स्वामित्वमा रहेको वैंक वा इजाजत प्राप्त वाणिज्य वैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(२) समितिको आय-व्ययको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली अनुसार राख्नु पर्नेछ । यसको आर्थिक विवरण तयार गरी मासिक र वार्षिक रुपमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, निर्देशनालय र मन्त्रालयामा पठाउनु पर्नेछ ।

१६. <u>जिन्सी लेखाः</u> समितिले आफ्नो कार्यालय संचालनको लागि जिन्सी सामानको आम्दानी खर्च गर्दा प्रचलित विधि र स्वीकृत म.ले.प. फारमहरूको प्रयोग गर्नु पर्नेछ ।

१७. <u>लेखापरीक्षणः</u> (१) समितिको आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(२) लेखापरीक्षणबाट देखिएका बेरुजुहरू फर्छ्यौट गराउने दायित्व समितिका अध्यक्ष र सदस्य-सचिवको हुनेछ ।

१८. <u>जनशक्तिको व्यवस्थाः</u> प्रदेश वन नियमावली, २०७९ तथा यस कार्यविधि बमोजिम डिपो सुरक्षा तथा समितिको कार्यालय सञ्चालनका लागि समितिले डिभिजन वन कार्यालयसंग समन्वय गरी प्रचलित ऐन नियम विपरित नहुने गरी प्रचलित कानुन बमोजिम जनशक्तिको व्यवस्था गर्न सक्नेछ ।

१९. <u>डिपो स्थापना गर्नेः</u> (१) समितिले काठ दाउरा व्यवस्थापन तथा बिक्री वितरण गर्न आवश्यकतानुसार डिपोको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित डिपोको व्यवस्थापन डिभिजन वन कार्यालयबाट खटिएका कर्मचारीबाट हुनेछ ।

(३) समितिको काममा खटिएका डिभिजन वन कार्यालयका कर्मचारीले प्रचलित कानून बमोजिम भत्ता पाउनेछन् ।

२०. <u>दायित्व सर्नेः</u> साविकको जिल्ला वन पैदावार आपूर्ति समितिको जिम्मामा रहेका जिन्सि तथा नगदी सम्पत्ति, बेरुजु, भुक्तानी दिनुपर्ने कार्यहरु लगायतका दायित्वहरु समेतको यसै कार्यविधि बमोजिमका समितिले जिम्मा लिनुपर्ने छ ।

२१. <u>विविध</u> (१) कार्यालय समयभन्दा अघि वा पछि वैठक बस्दा समितिका सदस्यलाई प्रचलित कानुन बमोजिम वैठक भत्ता दिइनेछ ।

(२) समिति विघटन भएमा सो को चल अचल सम्पति एवं दायित्व डिभिजन वन कार्यालयमा सर्नेछ ।

(३) वन क्षेत्रबाट हुने वन पैदावारको चोरी निकासी नियन्त्रण, अतिक्रमण रोकथाम, बिरुवा उत्पादन बृक्षारोपण आदी जस्ता वन विकास कार्यहरूका लागि समितिले स्वीकृत कार्ययोजना बमोजिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) काठ दाउराको जर्ति किटान सम्बन्धी व्यवस्था स्वीकृत नर्मस अनुसार हुनेछ ।

(५) यस कार्यविधिमा उल्लेखित कुराका हकमा यसै बमोजिम र अन्य कुराका हकमा प्रदेश वन ऐन, २०७८, प्रदेश वन नियमावली, २०७९ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको व्याख्याका सम्बन्धमा कुनै विवाद परेमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

(६) समितिबाट बिक्री-वितरण गरिएको काठ दाउरा दुरुपयोग नहोस् भन्नाका लागि समितिले अनिवार्य रूपमा नियमित अनुगमन गरी सो को आधारमा बिक्री-वितरण प्रक्रियालाई परिमार्जन गर्दै लैजानु पर्नेछ । उक्त कार्यहरुको निर्देशनालयबाट अनुगमन तथा मूल्याँकन गरी चौमासिक रुपमा एकमुष्ट प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

प्रदेश सरकार
लुम्बिनी
वन तथा वातावरण
बुटवल

## अनुसूची - १

(दफा ६ को खण्ड (क) संग सम्बन्धित)

वन पैदावार आपूर्ति समितिको पासिङ्ग टाँचाको नमूना

व.पै.आ.स.

पासिङ्ग

डि.व.का.......,.

निमित्त सचिव

# अनुसूची - २

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

## निवेदनको नमूना

मितिः

श्रीमान् अध्यक्ष ज्यू,
वन पैदावार आपूर्ति समिति, ..................जिल्ला ।

बिषयः काठ/दाउरा पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त सम्वनधमा नयाँ घर निर्माण गर्न/मर्मत गर्न/कृषि औजार बनाउन/दाहसंस्कार/घरकाज/धार्मिक कार्यका लागि काठ दाउरा आवश्यक भएकोले तहाँ समितिद्वारा सहुलियत दरमा प्रदान गर्ने काठ दाउरा समितिको नियमानुसार उपलव्ध गराई दिनु हुन रु. १०।- को टिकट टाँसी यो निवेदन पेश गरेको छु ।

..............
निवेदक

निवेदनमा संलग्न हुनु पर्ने कागजात तथा विवरणहरू

(क) वन पैदावारको जात,
(ख) वन पैदावारको किसिम र परिमाण,
(ग) वन पैदावार लिन चाहेको प्रयोजन,
(घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) सम्बन्धित स्थानीय तहबाट सिफारिस पत्र,
(च) विपद्को हकमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,
(छ) घरनिर्माणको लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत नक्सा पास,
(ज) जनसहभागितामा हुने विकास निर्माण कार्यका लागि सम्बन्धित निकायको सिफारिस,
(झ) अन्य प्रयोजनका लागि समितिले तोकेका कागजात ।

निमित्त सचिव

प्रदेश सरकार
लुम्बिनी
वन तथा वातावरण

# अनुसूची - ३

(दफा १० को उपदफा (५) र ११ को उपदफा (२) संग सम्बन्धित)

वन पैदावार आपूर्ति समितिको बिक्री टाँचा

**व.पै.आ.स.**

**बिक्रि**

डि.व.का.......,

निमित्त सचिव

प्रदेश सरकार लुम्बिनी ... वन तथा वातावरण ... मुकाम: ..., नेपाल

# अनुसूची-४

(दफा १० को उपदफा (६) संग सम्बन्धित)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

.............. मन्त्रालय

## वन पैदावार आपूर्ति समिति, डिभिजन वन कार्यालय,........................

पत्र संख्या:

चलानी नं:

विषयः काठ/दाउराको छोडपूर्जि वारे ।

श्री ........................................

..................................गा.पा/न.पा.......... ।

डिभिजन वन कार्यालय, ............. को मिति ..................... को छोडपूर्जि नं. .............. अनुसार तपसिल बमोजिमको काठको मूल्य नगदी रसिद नं. ......../भौचर नं. .......... बाट रु. ................ प्राप्त भैसकेको हुंदा आजको मितिले ............. दिनभित्र सो काठ/दाउरा उठाई लैजानु होला । म्यादभित्र काठ उठाई नलगी हिनामिना भएमा समिति जिम्मेवार नहुने तथा तोकिएको प्रयोजन र स्थानमा नलगी अनियमित भए गरेमा कानून बमोजिम कारवाही हुने व्यहोरासमेत सूचित गरिन्छ ।

तपसिल

| सि.नं. | जात | थान | परिमाण | ईकाई | प्रयोजन | स.डि.व.का. | टांचा | | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वन | समिति | | |
| | | | | | | | | | | बिमार्का बमोजिमको काठ दाउराको नापी लगत यसैसाथ संलग्न छ । |

..................

छोडपूर्जी दिने अधिकृत

बोधार्थ:

श्री वन निर्देशनालय, सिद्धार्थनगर, रुपन्देही:

श्री डिभिजन वन कार्यालय, ............. ।

श्री ...................................... सव डिभिजन वन कार्यालयका कर्मचारीको रोहवरमा लोड गराई दरपिठ गरी पठाउनु हुन ।

श्री ...................................... गा.पा/न.पा ।

...समिति सचिव

## अनुसूची- ५

(दफा २ को खण्ड (ट) संग सम्बन्धित)

### वन पैदावार आपूर्ति समितिको छाप (नमुना)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

........................ मन्त्रालय

वन पैदावार आपूर्ति समिति, डिभिजन वन कार्यालय,........................

२०७९

निमित्त सचिव